का.जि.प्र.का.द.नं. १००/०५९/६०
❐ वर्ष १८, अंक १३६
❐ ४ साउन २०७७, आइतबार
❐ 19 July 2020, Sunday
www.madhyanhadaily.com
पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily — राष्ट्रिय दैनिक

| अपडेट: शनिबार साँझसम्म | | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | १७५०२ जना | ११६३७ जना | ३११८२९ | ५८२५ | ४० जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ४२ लाख ४१ हजार | ८५ लाख ६ हजार | ६ लाख १ हजार | ५१ लाख ३४ हजार |

स्रोत : वर्ल्डओमिटर डटकम




# प्रधानमन्त्रीको ‘ब्याक स्टेप’

**प्रधानमन्त्री एवम् अध्यक्ष केपी शर्मा ओली सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्रको अन्तर संघर्षमा एक कदम पछाडि हटेपछि सचिवालय बैठक बस्न सकेको छ भने अवरूद्ध स्थायी कमिटी बस्ने संभावना बढेर गएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ असार ।

१७ असार देखि स्थायी कमिटी बैठक अस्वीकार गर्दै आएका सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओली एक कदम पछाडि हटेका छन् । कुनै पनि पार्टी बैठकमा नबस्ने बरु, नेकपा विभाजनका लागि राजी भएका प्रधानमन्त्री ओली ‘ब्याक स्टेप’ भएपछि सचिवालय बैठक बसेको छ ।

वैशाख १७ गते देखि नै प्रधानमन्त्री ओली सचिवालयमा बस्न अनुच्छुक देखिएका थिए । वैशाख ८ गते दल विभाजन सम्बन्धी अध्यादेश ल्याएका प्रधानमन्त्री ओलीको पार्टीभित्र तीव्र विरोध भएपछि सचिवालय बैठकमा बस्न अनिच्छुक देखिएका थिए । सचिवालयबाट समस्या हल हुने नदेखिएको निष्कर्ष निकालेका प्रधानमन्त्री ओलीले असार १० देखि शुरु भएको स्थायी कमिटी बैठकलाई समेत हुल्लजज्त गर्ने ठाउँका रुपमा संज्ञा दिएका थिए । मदन जयन्तीका अवसरमा आयोजित एक कार्यक्रममा प्रधानमन्त्री ओलीले आफूलाई हटाउन भारतीय शक्ति सक्रिय भएको र नेपालकै नेताहरुले राजीनामा मागेको सार्वजनिक अभिव्यक्ति दिएका थिए ।

यसपछि बसेको असार १६ गतेको बैठकमा प्रधानमन्त्री र अध्यक्ष पदबाट राजीनामा मागिएको थियो । ओलीले भने दुवै पदबाट राजीनामा नगर्ने बरु, दल विभाजन गर्ने भन्दै जारी वर्षे अधिवेशन अकस्मात अन्त्य गरिदिएका थिए । असार १७ गते प्रधानमन्त्री ओलीले आकस्मिक मन्त्रिपरिषद बैठक बोलाएर अविधेशन अन्त्य गरेका थिए । राष्ट्रपति बाहेक कोहीसँग परामर्श नलिई कदम चालेका प्रधानमन्त्री ओलीले असार १९ गते शनिबार मन्त्रीहरुलाई बालुवाटार बोलाएर पार्टी भित्रको विवाद कित्ता प्रष्ट पार्ने अवस्थामा पुगेका थिए ।

यसपछि अवरुद्ध हुँदै आएको स्थायी कमिटी बैठक २६ देखि एक साताका लागि स्थगित गरिएको थियो । तर, साउन १ गते झण्डै डेढ महिना पछाडि बरिष्ठ नेता माधवकुमार नेपाल सहित दुई अध्यक्ष ओली र पुष्पकमल दाहालबीच भएको बार्ताले भने स्थायी कमिटी र सचिवालय बैठक बस्ने बातावरण बनाएको छ । साउन दुई गतेको स्थायी कमिटी बैठक आइतबारका लागि स्थगित गर्दै शनिबार सचिवालय बैठक बालाइएको थियो ।



> ९ मध्ये ६ सचिवालय एकातिर बनेको गुटमा (दाहाल, झलनाथ खनाल, नेपाल, गौतम, नारायणकाजी श्रेष्ठ र बादल) दुई जना तटस्थ बस्दिए भने पनि ओलीका लागि अनुकुल हुनेछ । पार्टीभित्र चरम अल्मपतमा परेकैले ओली दुवै पद नछोड्ने बरू, विभाजनसम्म जाने अडानमा थिए ।

नेकपाका नेता सत्यनारायण मण्डल पार्टीभित्रको विवाद साँघुरिदै गएको बताउँछन् । मण्डल भन्छन्, “तत्काल सहमति नजुटे पनि छलफलको बातावरण बनेको छ । यसले राम्रै नतिजा निकाल्नेछ ।” अर्का नेता मणि थापाले पनि पार्टी विभाजनको खतरा टरेको बताउँछन् । उनी भन्छन्, “तत्काललाई विभाजनको खतरा टर्ने संभावना देखिएको छ । अब, छलफल सकारात्मक दिशातिर अगाडि बढ्ने संभावना छ ।”

तर, प्रधानमन्त्री ओली आफ्ना अडानबाट पछाडि हट्नुमा भने आफू अनुकुल परिस्थिति निर्माण भएको बुझाइ विकसित हुनु रहेको देखिन्छ । बाँकी पृष्ठ २ मा

महामारी त्रासदी

## ३३ सय परीक्षण, ५७ संक्रमित

शनिबार नेपालमा थप ५७ जना नयाँ कोरोना संक्रमित थपिँदा १ सय ३ जना डिस्चार्ज भएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार शनिबार, भएको ३ हजार ३ सय ३१ वटा पीसीआर परीक्षणमा ५७ जनामा पोजेटिभ देखिएको हो । यो सहित संक्रमित संख्या १७ हजार ५०२ पुगेको छ । निको भएर फर्कनेको संख्या पनि निकै बढेर गएको छ । शनिबारसम्म ४० जनाको मृत्यु हुँदा ११ हजार ६३७ जना निको भएर घर फर्किएका छन् । अर्थात् अब पाँच हजार ८६५ संक्रमित उपचारत छन् ।

अहिले देशका विभिन्न अस्पतालका आइसोलेसनमा ५ हजार ८ सय २५ जना संक्रमित उपचाररत छन् । मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमका अनुसार प्रदेश नम्बर १ मा ७९, प्रदेश नम्बर २ मा १ हजार ८ सय ४४, बागमती प्रदेशमा ४ सय ११ र गण्डकी प्रदेशमा ४ सय ८ जना उपचाररत छन् ।

प्रदेश नम्बर ५ मा ४ सय १४, कर्णाली प्रदेशमा ३ सय १७ र सुदूरपश्चिम प्रदेशमा २ हजार ३ सय ५२ जना संक्रमित उपचाररत रहेका छन् । नेपाल कुल संक्रमितको संख्या १७ हजार ५ सय २ पुग्दा निको हुनेको संख्या ११ हजार ६ सय ३७ पुगेको छ । अहिलेसम्म पीसीआर विधिबाट ३ लाख ११ हजार ८ सय २ ९ जनाको कोरोना परीक्षण भएको छ । देशभरी २३ हजार २ सय ७५ जना क्वारेन्टिनमा छन् ।

प्राकृतिक प्रकोप

## १५९ को मृत्यु, २४९ घाइते

देशभर बाढी पहिरो र चट्याङमा परी १५९ जनाको मृत्यु भएको छ । ४९ जना बेपत्ता छन् भने २४९ जनाको घाइते भएका छन् । गृह मन्त्रालयको राष्ट्रिय बिपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार, धेरै भौतिक सम्पत्ति नष्ट भएको छ ।

वैशाख देखि शुरु भएको मनसुनका कारण गएको पहिरोमा परी शनिबार थप दुई जनाको मृत्यु भएको छ । शनिबार दुई जनाको मृत्यु भएपछि पहिरोमा परी मृत्यु हुनेको संख्या १०६ पुगेको छ । पहिरोमा परी ४३ जना बेपत्ता छन् । सिन्धुपाल्चोक, म्याग्दी, संखुवासभा लगायत जिल्लामा गएको पहिरोमा परी ४३ जना बेपत्ता छन् । पहिरोमा परी ८५ जना घाइते भएका छन् ।

यस्तै बाढीमा परी ६ जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् । बाढीमा परेर ६ जना अझै बेपत्ता छन् । पहिरो र बाढी जस्तै वर्षाका बेला परेको चट्याङमा परी ४७ जनाको मृत्यु भएको छ । चट्याङबाट धेरै मानिस घाइते भएका छन् । प्राधिकरणका अनुसार, १६१ जना घाइते भएका छन् ।

प्राधिकरणले गएको २४ घण्टामा अविरल वर्षाका कारण एक जनाको मृत्यु भएको छ । दैलेखका ठाटिकाँध गाउँपालिका-३ स्थित खुरखुरेमा अविरल वर्षाका कारण घर भत्किदा एक जनाको मृत्यु भएको छ भने अर्का एक घाइते भएका छन् । जल तथा मौसम विज्ञान विभागले अझै साउन ८ गतेसम्म अविरल वर्षाको संभावना छ ।

# नवीकरण गर्न दिने सरकारी निर्णयको मञ्चद्वारा स्वागत

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ साउन

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालले वैदेशिक रोजगार ऐन २०६४ को बाधा अड्काउ फुकाउने दफा प्रयोग गरी सबै म्यानपावर कम्पनीको ईजाजतपत्र नवीकरण गर्ने निर्णय गरेकोमा नेपाल सरकारप्रति आभार व्यक्त गरेको छ । सबै म्यानपावर कम्पनीको ईजाजतपत्र नवीकरण गर्ने मन्त्रिपरिषद्को निर्णय सार्वजनिक भएपछि शुक्रबार राजधानीमा पत्रकार सम्मेलन गरी मञ्चले सरकारको निर्णयप्रति आभार व्यक्त गरेको हो ।

पत्रकार सम्मेलनमा मञ्चका संयोजक राम प्रसाद भान्तनाले संशोधित वैदेशिक रोजगार ऐनमा ईजाजतप्रत्र नवीकरण गर्दा प्रतिवर्ष एक सय जना कामदार अनिवार्य पठाउनुपर्ने बाध्यत्मक व्यवस्था रहेकोमा अघिल्लो आर्थिक वर्षमा मलेसिया बन्द भएको र गत आर्थिक वर्ष कोभिड-१९ का कारण वैदेशिक रोजगार विभागले नै श्रम स्वीकृति बन्द गरेबाट ५ सय १२ वटा ईजाजतपत्र प्राप्त संस्था सय जना कामदार पठाउन नसकि खारेजी उन्मुख भएको अवस्थामा ईजाजतपत्र नवीकरण गर्ने निर्णय आउनुलाई सकारात्मक रुपमा लिएको बताए ।

उनले भने, ‘ती संस्थाहरुले बुझाएको नगद धरौटी तथा बैंक ग्यारेन्टी रकम जोखिममा परी हालसम्म गरेको लगानी र मेहेनत खेर जाने अवस्थामा ईजाजतपत्र एक वर्षका लागि नवीकरण हुनुले व्यवसायीहरुलाई थोरै भएपनि राहत मिलेको छ ।’ संयोजक भान्तनाले व्यवसायीहरुको छाता संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघको कार्यसमितिमा व्यवसायीहरुले प्यानल नै जिताएर पठाए पनि नेतृत्वले वैदेशिक रोजगारका समस्या समाधानमा नेतृत्व लिन नसकेको आरोप लगाए ।

मञ्चले दलगत राजनीति नगरेपनि व्यवसायिक राजनीति भने अवश्य गर्ने भन्दै संयोजक भान्तनाले समस्या समाधान गरिएका पृथक पृथक प्रयास कै कारण संघको विकल्पमा छुट्टै संस्थाको रुपमा कल्पना सम्म गर्न नसकिने बताए । उनले भने, ‘हामीलाई विगतको अनुभवले छुट्टै संस्था स्थापना गर्ने छुट छैन तर व्यवसायीका समस्या समाधान गर्ने विषयमा भविष्यका दिनमा पनि प्रतिस्पर्धा गरिने छ ।’

मञ्चले संस्था नवीरकरण भएबाट व्यवसायीहरुलाई अस्थायी भएपनि राहत मिलेको भन्दै दीर्घकालीन रुपमा वैदेशिक रोजगार व्यवस्थापन गर्न ऐन संशोधन गरी वार्षिक सय जना कामदार नपठाएका कारण ईजाजतपत्र नवीकरण नहुने अवस्था हटाउनुपर्ने, व्यवसायीहरुले लिइरहेको हालको दश हजार रुपैयाँ अपर्याप्त भएकोले कामदारले पाउने एक महिनाको तलव बराबरको सेवा शुल्क लिन पाउनुपर्ने व्यवस्था गरिनुपर्ने माग गरेको छ ।

त्यस्तै मञ्ले कोभिड-१९ को यस विषम परिस्थितिमा व्यवसाय सञ्चालन गर्नका बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## राहतबारे प्रमुख प्रतिपक्षीसँग व्यवसायीको माग

**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण वैदेशिक रोजगार व्यवसायीहरुलाई गम्भीररुपमा असर परेको भन्दै व्यवसाय सञ्चालका लागि राहतको प्रवन्धका पक्षमा आवाज उठाउन प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेससँग आग्रह गरेको छ ।

कांग्रेसद्वारा सहमहामन्त्री डा. प्रकाशशरण महतको संयोजकत्वमा गठित कोरोना अनुगमन समितिले लकडाउनबाट समस्यामा परेका निजी क्षेत्रका विभिन्न पक्षहरूसँग परामर्श गर्ने क्रममा शुक्रबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघसँग वैदेशिक रोजगार व्यवसायमा देखिएका चुनौती र बिदेशमा रहेका कामदारको सुरक्षा सम्बन्धी कोभिड-१९ संकट र समाधानका विषयमा छलफल गरेको छ । छलफलमा संघका अध्यक्ष विष्णुप्रसाद गैरेले कोभिडका कारण वैदेशिक रोजगार क्षेत्र मुलुकका अन्य क्षेत्रभन्दा पहिले प्रभावित भएको र यसको असर सबैभन्दा पछिसम्म रहने अवस्था देखिएको भन्दै व्यवसायीहरुलाई आफ्नो व्यवसाय सञ्चालनका लागि छुट तथा राहत दिनुपर्ने माग गरे । बाँकी पृष्ठ २ मा

## पाण्डेको भने असहमति

**काठमाडौं/मस-** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालले म्यानपावर कम्पनीको ईजाजतपत्र नवीकरण गर्ने निर्णय गरेकोमा नेपाल सरकार प्रति आभार व्यक्त गरेपनि सोही मञ्चका पूर्व अध्यक्ष हरि बहादुर पाण्डे क्षेत्रीले भने व्यवसायीहरुको माग पूरा नभएको भन्दै आपत्ति जनाएका छन् । उनी मञ्चद्वारा गठित संख्या सय समाधान गर्न गठित ११ सदस्यीय समितिका संयोजक हुन् । उनले निर्णयको स्वागत गरेकोमा मञ्चसहित नेपाल वैदेशिक रोजगार व्यवसायी संघको समेत आलोचना गरे ।

मञ्चको पत्रकार सम्मेललनमा पूर्व संयोजक पाण्डेले छलफलका क्रममा पार्टी नेताहरुहरुले दिएका आश्वासन विपरित बाधा अड्काउ आदेश आएको भन्दै आपत्ति जनाए । उनले सय संख्या समस्या समाधानको स्थायी समाधान बाँकी पृष्ठ २ मा

# ‘निराशा र विषादका आँसु सम्झिनुहोस्’

खुला पत्र



**सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का स्थायी कमिटी सदस्य एवम् परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीले सामाजिक सञ्जाल मार्फत् खुलापत्र लेखेका छन् । उनले अहिलेको अवस्था, कार्यभार र हिड्नुपर्ने बाटोबारे उल्लेख गरेका छन् :**

**नेता कमरेडहरु !**

विगत केही समय यता नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा जारी विवादका कारण देशैभरिका नेता-कार्यकर्ता, पार्टी सदस्य र समर्थक-शुभचिन्तकहरु अत्यन्त चिन्तित हुनुहुन्छ । विभाजन र विखण्डनको क्रमलाई भङ्ग गर्दै दुई मुख्य कम्युनिष्ट पार्टीहरुको एकीकरण पश्चात् निर्माण भएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा), इतिहासमै पहिलोपल्ट हासिल भएको राजनीतिक स्थायित्व एवं भर्खर सुरु भएको समृद्धिको यात्रा कतै ‘दुई दिनको जुनेली, फेरि उही अँध्यारो रात’ भने झैं हुने त होइन ? यस प्रश्नले सिङ्गो देशलाई पिरोलिरहेको छ । हामी आशावादी त छौं, तर ढुक्क हुन सकेका छैनौं ।

> इतिहासमै पहिलोपल्ट हासिल भएको राजनीतिक स्थायित्व एवं भर्खर सुरू भएको समृद्धिको यात्रा कतै ‘दुई दिनको जुनेली, फेरि उही अँध्यारो रात’ भने झैं हुने त होइन ?

नेता कमरेडहरु !

धुरीखाँबो भाँचियो भने घरै भत्किन्छ । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) आज नेपालमा क्रियाशील विभिन्न पार्टीहरुको बीचमा एक थान पार्टी मात्रै होइन । यो त देशको मुख्य लोकतान्त्रिक शक्ति हो । संविधानको मुख्य रक्षक हो । यससँग कम्युनिष्ट पार्टीका नेता-कार्यकर्ताहरुको मात्रै होइन, लोकतान्त्रिक बाँकी पृष्ठ २ मा

# तत्काल अनलाइन कक्षा सुचारु गर्न माग



**काठमाडौं/मस-** विद्यालयले यही साउन १ गतेबाट बन्द गरेको अनलाइन कक्षासहित विद्यार्थीको लागि सबै वैकल्पिक शिक्षण सिकाइका क्रियाकलाप सुचारु गर्नुपर्ने माग गरिएको छ । यहाँ शुक्रबार आयोजित साक्षात्कारमा सरोकारवालाले विद्यालय सञ्चालन नभएको अवस्थामा अनलाइन कक्षासमेत सञ्चालन नगर्दा विद्यार्थीलाई सिकाइबाट वञ्चित हुने तर्क गर्दै तत्काल सञ्चालन गर्नुपर्ने माग गरेका हुन् ।

कोभिड-१९ ले देशको सबै क्षेत्र अस्तव्यस्त भएको र सबैभन्दा बढी शिक्षा क्षेत्रमा असर परेकाले यो क्षेत्रको समस्या समाधानको लागि राज्य जिम्मेवार हुनुपर्ने सरोकारवालाको भनाइ छ । शिक्षाविद् प्रा. डा. विद्यानाथ कोइरालाले भने, 'अनलाइन शिक्षा प्रणालीलाई प्रभावकारी बनाउनुपर्छ, विकल्प नै नभएको अवस्थामा प्रभावकारी भएन भनेर हल्ला गर्नुभन्दा पनि अब कसरी प्रभावकारी बनाउन सकिन्छ भन्नेतर्फ सबैले सोच्नुपर्छ ।' विद्यालय सञ्चालकले सरकारसँग वार्ता गर्नुभन्दा पनि अभिभावकसँग समाधानको लागि गम्भीर छलफल गर्नुपर्ने उनको भनाइ छ ।

अनेरास्ववियुका संयोजक ऐन महरले निजी विद्यालयले अहिले अनलाइन कक्षा बन्द गरेर उदासिनता देखाएको आरोप लगाए । निजी विद्यालय सञ्चालकले राखेका कतिपय माग संवदेनशील रहेकाले समस्या समाधानका लागि राज्यले सम्बोधन गर्नुपर्ने उनको भनाइ छ । नेपाल विद्यार्थी सङ्घका अध्यक्ष राजीव ढुङ्गानाले कोभिड-१९ को महामारीका कारण देश नै ठप्प रहेको र सबैभन्दा अस्तव्यस्त क्षेत्र शिक्षा भएको बताउँदै विद्यालयले अनलाइन कक्षा तत्काल सुचारु गर्नुपर्नेमा जोड दिए ।

प्याब्सनका महासचिव कुमार घिमिरेले आफूहरुले राज्यसँग सहुलियत मागे पनि कुनै सुनुवाइ नभएको गुनासो गरे । एनप्याब्सनका महासचिव सुवास न्यौपानेले अनलाइन कक्षा बन्द गरेर आफूहरुले अप्रिय निर्णय लिएको भन्दै यसलाई बाध्यात्मक परिस्थितिको रुपमा बुझ्न आग्रह गरे । संस्थागत विद्यालय शिक्षक युनियनका अध्यक्ष होमकुमार थापाले विद्यालय सञ्चालकले चैतभन्दा अगाडिदेखि नै शिक्षकलाई तलबभत्ता नदिएको आरोप लगाए । नेपाल अभिभावक महासङ्घका अध्यक्ष सुप्रभात भण्डारीले अहिलेको समस्या समाधानको लागि सबै सरोकारवाला पक्षले गम्भीर पहल गरिनुपर्नेमा जोड दिए ।

# अटो-मेक्सिकन ट्रेड युनियनद्वारा रक्तदाता समाजलाई सहयोग

**सुमन महतारा/मध्यान्ह**
गुल्मी, ३ साउन

नेपाल अटो-मेक्सिकन ट्रेड युनियनको २३ औं स्थापना दिवसको अवसरमा उक्त संस्थाले नेपाल स्वयंसेवी रक्तदाता समाज गुल्मीलाई आर्थिक सहयोग गरेको छ । युनियन जिल्ला शाखा कार्य समितिका अध्यक्ष ईश्वरी कंडेलले ट्रेड युनियनको २३ औं स्थापना दिवसको अवसरमा जिल्लामा रहेको स्वयंसेवी रक्तदाता समाजले आम नागरिकको मन मस्तिष्कमा 'रक्तदान - जीवनदान' भावना जागृत गराई स्वयंसेवी रक्तदाताहरुको विशाल पंक्ति तयार गरिरहेको बताए ।

उनले कसैलाई पनि रगत र रक्त तत्वको अभाव महसुस हुन नदिने साथै निःशुल्क उपलब्ध गराएकोमा धन्यवाद दिदै आगामी कार्यक्रममा सह आयोजक भएर संयुक्तरूपमा नेपाल अटो मेक्सिकन ट्रेड युनियन गुल्मी शाखा सधै सहयोग, समर्थन गर्ने प्रतिवद्धता ब्यक्त गरे । कार्यक्रममा नेपाल स्वयंसेवी रक्तदाता समाज गुल्मी शाखाका अध्यक्ष नमराज मरासिनीले संस्थाको बारेमा जानकारी एवं संस्थाले गरेको कामको बारेमा जानकारी गराएका थिए ।

नेपाल अटो मेक्सिकन ट्रेड युनियन सेवामुखी, गैर नाफामुलक सामाजिक संस्था हो, हाल विश्वभर कोरोना भाइरस (कोभिड-१९) को संक्रमण फैलिँदा त्यसको प्रभाव हाम्रो देश नेपालमासमेत विभिन्न क्षेत्रमा परेको हुँदा र गुल्मीमा अहिलेसम्म कुनै पनि बलड बैंक नभएको र आवस्यक परेको खण्डमा नेपाल स्वयंसेवीसंग गुल्मी सधैं जनताको साथमा रहनाको लागि स्थापना भएको यस संस्थाले गुल्मीमा बलडको कुनै कमि हुन दिएको छैन ।

नेपाल स्वयंसेवी रक्तदाता समाज गुल्मी जिल्ला शाखा गठन भए पश्चात् गुल्मीमा रक्तदानका लागि जनतासमेत ईच्छुक भएका छन् । संस्थाको मुख्य उद्देश्य र गत अभावका कारण कुनै पनि व्यक्तिको अकालमा ज्यान नजावोस भन्ने रहेको र गुल्मीमा रगत अभाव परेको खण्डमा नेपाल स्वयंसेविसंग सधैं साथमा रहेको संस्थाका सचिव कृष्ण पाण्डेले जानकारी दिए । कार्यक्रममा, ट्रेड युनियन जिल्ला शाखा कार्यसमिति अध्यक्ष कंडेल, सचिव पाण्डे, कोषाध्यक्ष ध्रुव पाण्डे, सह कोषाध्यक्ष भेषराज मरासिनी, सदस्य माधव केसी, नारायण लम्सालको उपस्थिति रहेको थियो ।

# सौन्दर्य क्षेत्रमा दुर्गाले चुमेको सफलता

**-प्रतीक्षा गौतम**

श्रृङ्गारलाई महिलाकै सौन्दर्यको एउटा हिस्सा मानिन्छ । सदियौंदेखि श्रृङ्गारको खास ढाँचा र महत्व रहँदै आएको छ । श्रृङ्गार शब्दको प्रयोग सामन्यतः ब्रस्त्रभूषण आदिले शरीरलाई सु-सज्जित गराउने अर्थमा लिइन्छ । पछिल्लो समय सौन्दर्य सम्बन्धि नेपालमा पढेर बुझेर धेरै जनिशक्ति होमिएको छ । यस्तैमा लामो समयदेखि यो क्षेत्रमा धेरैलाई चिटिक्क पारिरहेको नाम हो- दुर्गा विष्ट । उनको नाम यो क्षेत्रमा अग्रपंक्तिमा आउने गर्दछ । आजको दिनसम्म चुम्नका लागि उनले यस क्षेत्रमा धेरै पसिना बगाएकी छन् । र, त आफ्नो प्रगतिको चमत्कार देखाइरहेकी छन् । दुर्गाले दर्जनौ वृत्तचित्र, स्युजिक भिडियो, टेलिचलचित्र तथा ठूलो पर्दाका चलचित्रमा आफ्नो कला देखाएकी छन् ।

मोरङ जिल्लाको तत्कालिन बयरबन गाउँ विकास समिति वडा नं.- ३ मा स्व. खम्बसिंह बिष्ट र नरमायाका ६ छोरी तथा १ छोरामध्ये पाँचौं सन्तानको रूपमा दुर्गाको जन्म विक्रम सम्वत् २०४८ कात्तिक २० गते भएको हो । सानैबाट दुर्गाको सोच पृथक थियो । बाल्यकालबाटै सेवाभावले ओतप्रोत, कर्तव्यप्रति जागरुक दुर्गा सानो उमेरदेखि नै सौन्दर्यमा विशेष ध्यान दिने गर्थिन् । उनले त्यतिबेलै आफ्नो भविष्यको गन्तव्य पहिल्याउन थालेकी थिइन्- जतिबेला उनी भर्खरै ६ र ७ वर्षकी थिइन् । 'म सानैदेखि साथिहरुको तुलनामा थप आकर्षक बन्थें । घर बस्दा होस् या स्कुल जाँदा वा बाहिरफेर कतै निस्कँदा नै किन नहोस् - आफूलाई फरक देखाउन चाहन्थेँ । त्यसैले शरीरसुहाउँदो कपडा लगाउनेमात्रै होइन - त्यहीअनुसार मिल्दो श्रृङ्गार पनि गर्दथेँ', दुर्गा आफ्नो बाल्यकाल स्मरण गर्दै भन्छिन्, 'यस अर्थमा साथिभाइ छरछिमेक, विद्यालय सबैतिर मेरो पहिरन अनि सौन्दर्यको चर्चा - प्रसंशा हुन्थ्यो ।' हुन पनि त्यतिबेलादेखि अहिलेसम्म उनको त्यो विशेषतामा कुनै क्रमभङ्ग भएको छैन, बरु थप परिमार्जित छ ।

एसएलसी उतिर्ण भएसँगै दुर्गा सौन्दर्यकलाको क्षेत्रमा पनि जोडिइन- मेकअप आर्ट सम्वन्धि तालिममार्फत । उनी एकातिर उच्च शिक्षा अध्ययनका लागि ललितपुरको बालकुमारीमा अवस्थित माइलस्टोन कलेजमा भर्ना भइन भने अर्कातिर थापाथलीमा मेकअप आर्टको प्रशिक्षण लिन थालिन । अबभने उनलाई आफ्नो सानैदेखिको सपना साकार हुने र लक्ष्यमा पनि पुग्ने मार्ग पहिल्याएँ भन्ने महशुस हुन थाल्यो । त्यहाँ दुर्गाले वेसिक, डिप्लोमा (एडभान्स) र स्पेशल गरी एकवर्षे प्रशिक्षण लिइन् । यससँगै उनले थापाथलीमा नै कस्मेटिक पसल पनि सञ्चालन गरिन् ।



काठमाडौंमा सैद्धान्तिक र व्यवहारिक ज्ञान हासिल गरेपछि दुर्गा पोखरा गइन् । त्यहाँ उनले थप ६ महिना मेकअप सम्वन्धि प्रशिक्षण लिइन् । यससँगै सभागृह चोकमा मेकअप स्टुडियो सञ्चालन गरिन् । यो क्रम ४ वर्षजति चल्यो । त्यसपछि दुर्गा पुनः काठमाडौं नै फर्किइन् । काठमाडौं फर्किएपछि दुर्गाले काठमाडौंको मैतिदेवीमा मेकअप स्टुडियो, र्पफेक्ट मिडिया एकेडेमी खोलिन् । यसैगरी क्रमशः उनले डिवाइटी टिभी र कान्तिपुर मोडल एजेन्सी पनि सञ्चालनमा ल्याइन्, जुन हाल निकै चर्चित छन् । यसबाट राम्रै आम्दानी हुने दुर्गाको दावी छ ।

सौन्दर्य क्षेत्रमा लागेको यो १२ र १३ वर्षको अवधिमा उनका प्रशिक्षार्थीसमेत ५ सयभन्दा बढी भइसकेका छन् । सौन्दर्य कलाप्रति निरन्तर चनाखो उनी विभिन्न सामाजिक राष्ट्रिय अन्तर्राष्ट्रिय संस्थामा पनि आबद्ध छिन् । यस्तै सक्रियताले गर्दा दर्जनौ उपाधिसहित विभिन्न सम्मान तथा पुरस्कारबाट सम्मानित भएकी दुर्गा विभिन्न सौन्दर्य प्रतियोगितामा निर्णयकको भूमिकासमेत निर्वाह गर्दै आएकी छन् । यस क्षेत्रमा रहेर धेरैलाई सिङ्गारेकी दुर्गा आफ्ना विभिन्न कम्पनीबाट प्राप्त मुनाफाको केही प्रतिशत रकम समाजसेवाका लागि खर्चिने गर्छिन् । 'जिन्दगीमा मैले पनि धेरै संघर्ष गरें । अनाथलयका बृद्धबृद्धा, बालबालिका, गरिब, जेहेन्दारका लागि केही गरौं भन्ने भावना जाग्छ,' दुर्गा भन्छिन्- 'हाम्रो सानो सहयोगले कसैको भविश्य बन्छ भने किन नगर्ने ? सबैले यसैगरी अलिअलि सहयोग गरे त धेरै भइहाल्छ नि । अनि सहयोग गर्न पाउँदा मन पनि आनन्दित हुन्छ ।' उनले समाज सेवामार्फत धरैलाई राहत पुऱ्याएकी छन् ।

नेपाली कला क्षेत्रमा मेकअप आर्टिँष्टको पछिल्लो समयमा महिलाहरुको माग रहेको बताउने दुर्गा आर्टिष्टलाई महिला भयो भने सजिलो हुँदो रहेछ भन्छिन् । 'धेरै कुरा आफूमा भर पर्छ, महिला भएकै कारण विभिन्न अप्ठायारो आउनु र पुरुष भएका कारण सजिलो हुन्छ भन्ने होइन, त्यो कुरा आफू कस्तो छु भन्ने कुरामा निर्भर गर्छ', उनको बुझाई रहेको छ । 'यो क्षेत्रमा पारिश्रमिक पनि राम्रै छ । यो क्षेत्रमा लागेर राम्रै गरेकी छु मैले,' उनी भन्छिन् ।

सानै उमेरदेखि यो क्षेत्रमा होमिएकी दुर्गा सौन्दर्यका विषयमा चासो राख्ने र व्यवहारमा उतार्ने उनको बानी थियो । त्यतिमात्र हैन, निराश नहुने, सङ्कटमा पनि सम्भावना खोज्न सक्ने दरिलो आत्मविश्वासको खुबीका अलावा आफूले नजानेको विषयमा ध्यानपूर्वक सुन्ने र सही हो भन्ने अनुभूति भएपछि आफैँ निर्णय गर्ने क्षमता छ- उनीमा । सायद यही क्षमताका कारण उनले हात हालेका क्षेत्रमा सफलता प्राप्त भएको कुरा उनलाई नजिकबाट नियाल्नेहरु भन्ने गर्छन् । त्यसैले त उनी भन्छिन् 'परिवेश जस्तोसुकै होस्, आफूमा कामको जिम्मेबारीबोध भयो भने कुनै पनि काममा सफलता हासिल गर्न कुनै अप्ठ्यारो पर्दैन ।' यही कुरा आफ्नो जीवनमा उतार्न सफल भएकै कारण आज दुर्गा सौन्दर्यको क्षेत्रमा अलग्गै उचाई चुम्न सफल भएकी छन् । यो क्षेत्रमा निरन्तर लागेर उनले प्राप्त गरेको उचाईबाट अरुलाई पनि सफलताको प्रेरणा बन्ने गरेकी छन्- दुर्गा । उनका कर्महरुले अझ उचाई चुम्न सफल होउन्- मेरो पनि शुभकामना !

## प्रधानमन्त्रीको...

साउन १ गते दाहाल निवास खुमलटारमा बसेको गुट भेलामा उपाध्यक्ष गौतम र सचिवालय सदस्य रामबहादुर थापाले सरकार परिवर्तन गर्न अहिले उपयुक्त समय नभएको र पार्टीलाई विभाजनबाट रोक्नुपर्ने बताएका थिए । ९ मध्ये ६ सचिवालय एकातिर बनेको गुटमा (दाहाल, झलनाथ खनाल, नेपाल, गौतम, नारायणकाजी श्रेष्ठ र बादल) दुई जना तटस्थ बस्दिए भने पनि ओलीका लागि अनुकुल हुनेछ । पार्टीभित्र चरम अल्मपतमा परेकैले ओली दुवै पद नछोड्ने बरु, विभाजनसम्म जाने अडानमा थिए ।

## नवीकरण....

लागि व्यवसायीहरुले राखेको बैंक ग्यारेन्टी र ईजाजतपत्र धितो राखी सहुलियत दरमा व्यवसायिक कर्जा उपलब्ध गराई नगद धरौटी पनि निश्चित समयको लागि फिर्ता गर्न माग गरेको छ ।

वैदेशिक रोजगार नियमावली पाँचौं सशोधनमा गरिएको वैदेशिक रोजगार व्यवसायी तथा उनीहरका एकाघरका परिवारहरुले वैदेशिक रोजगार व्यवसायसँग सम्बन्धित अन्य व्यवसाय सञ्चालन गर्न नपाउने जस्तो बन्देज हटाउनुपर्ने, गन्तब्य मुलुकको सरकारले निर्धारण गरेको तलव तथा सेवा सुविधाका आधारमा मागपत्र प्रमाणीकरण हुनुपर्ने, वैदेशिक रोजगारीमा जाने कामदारहरुको अन्तिम श्रम स्विकृति रोजगार करार पत्र अनुसार दिनुपर्ने, जापानको रोजगारीमा जी टु जी माध्याम असफल जस्तो देखिएको भन्दै श्रम सम्झौतामा पुनरावलोकन गर्नुका साथै जिट्कोसँग आवद्ध रहेर प्रशिक्षार्थी कामदार पठाउन माग प्रमाणीकरण गर्दा एक पटकमा १० जना मात्रै प्रमाणीकरण गर्ने शैली हटाएर रोजगारदाताको माग अनुसारको संख्यामा नै मागपत्र प्रमाणीकरण गर्नुपर्ने माग मञ्चले गरेको छ ।

त्यस्तै मञ्चले नेपालीहरुको आकर्षक रोजगारीको गन्तव्य मानिएका युरोपेली मुलुकहरुमा मागपत्र प्रमाणीकरणलाई सहज बनाउने र प्रमाणीकरणको समयसीमा तोकि छिटो छरितो र चुस्त बनाउनुपर्ने, नेपाली दूतावास नभएका युरोपेली मुलुकहरुबाट आउने मागपत्रहरु त्यहाँको आधिकारिक चेम्वर्स अफ कमर्स वा उक्त मुलुकको परराष्ट्र मन्त्रालयले गरेको प्रमाणीकरणलाई मान्यता दिनुपर्ने, सरकारी र निजी क्षेत्रको साझेदारीमा तालिम केन्द्र स्थापना गर्नुपर्ने माग गरेको छ । यस्तै मञ्चले वार्षिक सय जना कामदार नपठाएकै कारण ईजाजतपत्र नवीकरण नहुने बाध्यकारी अवस्थालाई समाधान गर्न सहयोग गर्ने मञ्चका पूर्व अध्यक्ष हरि बहादुर पाण्डे क्षेत्रीको संयोजकत्वमा गठित सदस्यलगायत सम्वद्ध सबैलाई धन्यवाद ज्ञापन गरेको छ ।

पत्रकार सम्मेलनमा सत्तारुढ नेकपा वैदेशिक रोजगार विभागका ईन्चार्ज श्रीप्रसाद साहले पार्टीले वैदेशिक रोजगार क्षेत्रका समस्याहरुलाई गहिरोसँग अध्ययन गरेको भन्दै सोही अनुसार तत्काल समाधानको पहल गर्ने बताए । वैदेशिक रोजगारको क्षेत्रमा रहेका अवान्छित केही पक्षहरुलाई पन्छाएर यो पेशालाई मर्यादित र सम्मानित गर्नुपर्ने विषयमा सबै व्यवसायीहरुले ध्यान दिन आग्रह गरे । मञ्चका सह-संयोजक राजेन्द्र भण्डारीले स्वागत मन्तव्य राखेको पत्रकार सम्मेलनमा मञ्चका पूर्व महासचिव डिक बहादुर खत्री कुमारले कार्यक्रम सञ्चालन गरेका थिए ।

## राहतबारे...

छलफलमा प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालका संयोजक राम प्रसाद भान्तना, संघका पूर्व अध्यक्ष तिलक बहादुर रानाभाट, संघका सल्लाहकार तथा निवर्तमान अध्यक्ष रोहन गुरुङ, संघका प्रथम उपाध्यक्ष कमल तामाङ, महासचिव सुजित कुमार श्रेष्ठ, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका अध्यक्ष नरेन्द्र प्रसाद ढकाल, संघका सल्लाहकार तथा एशोसिएसनका पूर्वअध्यक्ष प्रज्ञान न्यौपाने, सिता देवकोटा, रविन शेरचनलगायतले कोभिडका कारण व्यवसायीहरु मारमा रहेको भन्दै तत्कालका लागि नगद धरौटी वापत राखेको ५० लाख रुपैयाँ निश्चित समयका लागि फिर्ता र दीर्घकालीन रुपमा वैदेशिक रोजगार ऐनमा रहेका व्यवसाय विरोधी प्रावधानहरु हटाउन पहल गरिनुपर्ने माग गरे ।

व्यवसायीहरुले २०६१ सालको इराक काण्डका कारण राजधानीका म्यानपावर कम्पनीहरुले आगजनी तथा तोडफोडका कारण क्षति व्यहोर्नु पर्दा तत्कालीन सरकारले व्यवसायीहरुलाई एक वर्षसम्म उनीहरुले ईजाजतपत्रका लागि राखेको ५ लाख रुपैयाँ कार्यलय सञ्चालन गर्न दिएको स्मरणसमेत गराएका थिए । तत्कालीन प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला नेतृत्वको सरकारका पालमा एमालेका रघुजी पन्त श्रम मन्त्री र डा. महत परराष्ट्र राज्यमन्त्री रहेका थिए । व्यवसायीहरुले विगत स्मरण गराउँदै यसपटक त्यसभन्दा कठिन अवस्था रहेको भन्दै राहतको प्रवन्धका लागि पहल गरिदिन माग गरेका हुन् ।

उनीहरुले वैदेशिक रोजगार ऐन र नियमावलीले व्यवसायहिरुलाई दश हजार रुपैयाँ सेवा शुल्क लिएर कामदार पठाउनुपर्ने बाध्यता सिर्जना गरेका कारण समस्यामा रहेको भन्दै व्यवसायीरुलाई राहत दिन दक्षिण एशियाका अन्य मुलुकहरु सरह हुने गरी रोजगारदाताले सेवा शुल्क नपठाएको खण्डमा कम्तीमा कामदारले पाउने एक महिनाको तलव बराबर रकम सेवा शुल्क लिन पाउनुपर्ने माग गरे ।

जवाफमा संयोजक डा. महतले व्यवसायीहरुका मागका विषयमा आफूले अर्थमन्त्री डा. युवराज खतिवडासँगको यसअघिको छलफलमा एक पटक राखीसकेको बताउँदै कोभिडका कारण समस्यामा रहेका वैदेशिक रोजगार व्यवसायीहरुलाई सरकारका तर्फबाट दिइनुपर्ने राहत तथा छुटका विषयमा आफुले अर्थमन्त्रीसँग पुनः गम्भीरताका साथ छलफल गर्ने बताए ।

छलफलमा संयोजक डा. महत, सदस्यहरू डा. चन्द्र भण्डारी, एनपी साउद, राजीवबिक्रम शाह, दिव्यमणी राजभण्डारी, नैनसिंह महरलगायतले धारणा राखेका थिए ।

## पाण्डेको.....

नआउँदै नेपाल वैदेशिक रोजगार व्यवसायी संघले हतार हतार गरेर स्वागत गरेको भन्दै आपत्ति जनाएका हुन् ।

समस्या समाधान गर्न आफु लकडाउनको प्रतिकुल अवस्थामा पनि अहोरात्र संघर्षको मैदानमा खटेको भन्दै पाण्डेले भने, 'नेकपाका शीर्ष नेताहरु, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलगायत सम्वद्ध सबै निकायसँग छलफल गर्दा बाध्यकारी ऐन र नियमावली संशोधन गर्दा नेताहरुबाट स्वतन्त्र रुपमा पेशा व्यवसाय गर्न पाउने जनाताको संविधान प्रदत्त नैसर्गिक अधिकार हनन भएको निष्कर्षसहित संविधान अनुरुप पाउने अधिकारलाई सुनिश्चित गर्ने सहमति भएको तर असार २९ गतेको मन्त्रीपरिषद्को निर्णय आउँदा सशर्त नवीकरण गर्ने निर्णय आउनु खेदजनक हो ।'

बाधा अड्काउ आदेशमा यस वर्ष नवीकरण भएका ईजाजतपत्र प्राप्त संस्थाको आगामी आर्थिक वर्ष २०७८/०७९ का लागि नवीकरण गर्दा त्यस्ता संस्थाले आर्थिक वर्ष २०७६/०७७ देखि सम्बत् २०७८ साल असार मसान्त भित्रमा दुई सय जना कामदार वैदेशिक रोजगारमा पठाएको हुनुपर्ने उल्लेख छ ।

पाण्डेले आर्थिक वर्ष २०७७/०७८ मा संस्था नवीकरण गर्दा संख्याकै कारण पुनः समस्यामा पर्ने प्रष्ट देखिँदा देखिँदै संघले आफुले ठुलै काम गरेको भनी जस लिने र साना तथा मझौला व्यावसायीलाई सिध्याउने नियत राखी नेपाल सरकारसँग बन्द कोठामा गरेको सहमतिलाई अतिरन्जित गरी आकाशै खसालेको जस्तो भाव आउने गरी नेपाल सरकार र श्रम मन्त्रालयप्रति धन्यवाद व्यक्त गर्न हतार गर्नु गम्भीर आपात्तिको विषय भएको टिप्पणी गरे ।

संघले व्यवसायीहरुका हकमा दुरदर्शी नीति अख्तियार गर्न नसकेको, साना र मझौला व्यावसाय सिध्याउने खालको सहमति गरेको आरोप लगाउँदै पाण्डेले संघ नेतृत्व तत्काल ऐन र नियमावली संशोधन गराउन नलागे संघको कार्यशैली निरिह देखिने भन्दै संघविरुद्ध नै संघर्षमा उत्रीन बाध्य हुने चेतावनी दिएका छन् ।

## निराशा...

गणतन्त्र, प्रगतिशील संविधान, सामाजिक न्याय र समावेशी प्रणाली सहितको संघीयताकै भविष्य पनि जोडिएको छ । अग्रमोर्चा कमजोर हुँदा आन्दोलन पराजित हुन्छ, तसर्थ यस पार्टीसँग मुलुकको देशभक्तिपूर्ण आन्दोलन र राष्ट्रियता समेत अविभाज्य ढंगले आबद्ध छ । कुनै पनि निर्णय गर्नु अघि कमरेडहरुलाई यस यथार्थलाई मनन गरिदिनु हुन आग्रह गर्दछु ।

**नेता कमरेडहरु !**

३१ महिना अगाडि हामी जनतासमक्ष पुगेका थियौं, मुख्यतः दुई वटा प्रतिबद्धता लिएर । हामीले भनेका थियौं- हामीलाई मत दिनुहोस्, हामी मुलुकमा राजनीतिक स्थायित्व कायम गर्छौं । हामीलाई मत दिनुहोस्, हामी मुलुकलाई समृद्धि दिन्छौं । 'सुखी नेपाली र समृद्ध नेपाल' को हाम्रो आह्वान माथि भर परेर, विश्वास गरेर, जनताले हामीलाई अपार मत दिनुभयो । सामान्य बहुमत होइन, सुविधाजनक बहुमत मात्रै पनि होइन, झण्डै दुई तिहाइ मत दिनुभयो ।

सम्झौं ती मतदाताहरुलाई, जसले उज्यालो नहुँदै मतदान केन्द्रमा पंक्तिबद्ध भएर, पालो कुरेर मत खसाउनुभयो । सम्झौं ती मतदाताहरुलाई, जसले खाली खुट्टा शीत टेक्दै आएर मत खसाउनुभयो । सम्झौं ती मतदाताहरुलाई, जसले विमारी भएको अवस्थामा स्ट्रेचरमा बोकिएर, आशौच बसेको अवस्थामा आफन्तको मृत्यु वियोग बिर्सेर, वृद्धावस्थामा लौरो टेकेर, सुत्केरी अवस्थामा अत्यन्त ठूलो जोखिम व्यहोर्दै हामीलाई विश्वास सुम्पिनुभयो।

हाम्रो पक्षमा खसेका मतहरु कागजका टुक्रा मात्रै थिएनन्, हामीलाई जनताले दिएको विश्वासका तमसुक थिए, आफ्नो भविष्य सुरक्षित हुने ठानेर गरिएका भरपाई थिए । कुनै पनि निर्णय गर्नु पूर्व एक पटक ती मतदाताहरुको आँखामा छचल्किएको उज्यालो सपना र कथम् कदाचित् कुनै अप्रिय दुर्घटना भयो भने त्यसका कारण ती सपना भंग हुँदा भरिने निराशा र विषादका आँसु सम्झिनुहोस् ।

**नेता कमरेडहरु !**

हाम्रो यात्रा त भर्खर सुरु भएको छ । राजनीतिक परिवर्तन पो हामीले सम्पन्न गरेका छौं, त्यो पनि अझै अधुरो- अधुरो र कमजोर छ । यी उपलव्धिको जगमा उभिएर जनतालाई सामाजिक न्याय सुनिश्चित गर्न बाँकी नै छ । समृद्धिको जग मात्रै बसालिएको छ, भवन खडा गर्न बाँकी नै छ । समाजवादतिरको यात्रा त भर्खर सुरु मात्रै भएको छ, त्यो पनि निकै धिमा गतिमा ।

यो परिवर्तनका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने शहीदहरुका परिवारलाई उचित सम्मान र न्याय दिन बाँकी छ । परिवर्तनका लागि भएको आन्दोलन र क्रान्तिका घाइते योद्धाहरुको शरीरबाट गोली र छर्रा निकाल्नै बाँकी छ, बल्झिइरहने घाउ निको पार्न बाँकी नै छ । बेपत्ता व्यक्तिकी आमाको आँखामा हर साँझ पर्खि बस्ने अनुत्तरित प्रश्नहरुलाई सम्बोधन गर्न बाँकी नै छ । आन्दोलनमा अभिभावक गुमाएका बालबालिकाहरुको अन्यौलग्रस्त भविष्यलाई सुनिश्चित गर्न बाँकी नै छ ।

अब त देशमै रोजगारी पाइन्छ कि, अब त प्रवासिन पर्दैन कि भनेर देश फर्कने दिन गनेर बसेका लाखौं लाख प्रवासीहरुको मनमा विश्वास भरिदिन बाँकी नै छ । नेताहरु भन्नुस् त- यी सबै कामहरु अधुरै छाडेर, मानौं गन्तव्यमै पुगिसकियो, अब कुनै जोखिम छैन भनेर, कहिले पदका विवादमा त कहिले वरीयताको किचलोमा, कहिले सोफा र कुर्चीको आकारमा त कहिले आसनको सेटिङको विवादमा अल्झिन हामीलाई छुट छ र ? कुनै पनि निर्णय गर्नुपूर्व, एकचोटि झ्यालको पर्दा खोलेर बाहिर सडकमा दुःखको भारी बोकेर हिँडिरहेका नागरिकहरुलाई हेरेर, यी प्रश्नहरुमा गहिरो गरी घोत्लिनु हुन अनुरोध गर्दछु ।

**नेता कमरेडहरु !**

मुलुकमाथि बहुआयामिक संकटहरु थपिंदै छन् । विश्वव्यापी रुपमै मडराइरहेको दक्षिणपन्थी आँधीहुरीले हाम्रो समाजवादी आन्दोलन र भविष्यमाथि चुनौती खडा गरिरहेको छ । हामीले नयाँ उचाइबाट राष्ट्रियताको आन्दोलन अगाडि बढाएका छौं, यससँगै यसलाई कमजोर गर्ने, मुलुकमा पुनः अस्थिरता सिर्जना गर्ने, पानी धमिल्याएर माछा मार्ने प्रवृत्ति अझ बढी आक्रामक र हस्तक्षेपकारी हुने निश्चित छ । विभिन्न कारणले बढेको जनताका अपेक्षा र हाम्रो कार्यसम्पादनबीचको दूरीले सिर्जना गरेको असन्तुष्टिलाई सम्बोधन गर्न सकिएन भने त्यसले थपिदिने सङ्कट पनि हाम्रा सामु छ ।

हाम्रो युगकै सबैभन्दा गम्भीर स्वास्थ्य चुनौती र आर्थिक धक्का बोकेर आएको कोरोना महामारीले निम्त्याउने बहुआयामिक संकटको सामनाको तयारी गर्नु बाँकी नै छ । आँखै अगाडिका यी चुनौतीलाई नदेखे झैं आँखा चिम्लेर या केही होइन झैँ गरेर विषयान्तर गर्ने सुविधा हामीलाई छैन । कुनै पनि निर्णय गर्नु अगाडि सम्मुख मडारिरहेको सङ्कटलाई गम्भीरतापूर्वक नियाल्नु र विचार गर्नुहुन अनुरोध गर्दछु ।

**नेता कमरेडहरु !**

आज नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले सामना गरिरहेको समस्या वैचारिक-राजनीतिक समस्या होइन, व्यवस्थापनको समस्या हो, त्यो पनि शीर्ष नेतृत्वको । पार्टीका सामु वैचारिक राजनीतिक समस्या छैनन् भन्ने होइन, तर नेतृत्वबीच उत्पन्न असमझदारीले हामीलाई त्यसबारे केन्द्रित हुन या त्यसमा प्रवेश गर्ने मौका पनि दिइरहेको छैन ।

हाम्रा बैठकहरु मुलुकका जल्दाबल्दा समस्याबाट बेखबर, बेपरवाह या निरपेक्ष रहँदा जनताको खबरदारीको औँला हामीतिर सोझिने स्थिति बनिरहेको छ । अघिल्लो पुस्ताका नेताहरुप्रति उच्च सम्मान छ । तपाईंहरुले अगुवाइ गर्नुभएको योगदानको जगमै आजका उपलब्धिहरु उभिएका छन् । पार्टी र राज्यका उच्च ओहदामा तपाईंहरुको अवस्थितिप्रति सहमति छ । तर, आफ्ना असमझदारीहरुको व्यवस्थापन गर्न नसकेर एकीकृत पार्टी विभाजनको दिशातिर गयो भने, राज्यको नेतृत्व गर्ने यो दुर्लभ अवसर हाम्रो हातबाट गुम्न पुग्यो भने हामीले इतिहासको कठघरामा उभिएर निकै निर्मम प्रश्नहरुको सामना गर्न र निर्मम फैसला स्वीकार गर्न बाध्य हुनुपर्नेछ ।

यसो भयो भने इतिहासले तपाईंहरुका सामु एउटा नैतिक प्रश्न खडा गर्नेछ, कतै हिजोको तपाईंहरुको बलिदान निश्चित स्वार्थ प्राप्तिका लागि मात्रै त थिएन ? कुनै पनि निर्णयमा पुग्नुपूर्व कमरेडहरुले एकचोटि आफू उभिएको धरातल, आन्दोलन र राष्ट्रको भविष्य र कमरेडहरुलाई विश्वास गरेर आफ्नो जिन्दगी होम्न तयार कार्यकर्ताको आँखासँग आँखा जुझाउनु हुन अनुरोध छ ।

# आर्थिक संकट र महामारीबीच युद्धग्रस्त सिरिया निर्वाचनमा

**दिलीप शर्मा/रासस-** युद्ध, अन्तरराष्ट्रिय प्रतिबन्ध र आर्थिक समस्याको दलदलमा फसेको सिरियाले आइतबार संसदीय निर्वाचनका लागि मतदान गर्दैछ । सरकारको नियन्त्रणमा रहेको करिब ७० प्रतिशत इलाकामा सम्पन्न हुने संसदीय निर्वाचन सन् २०११ मा युद्धको सुरु भएदेखि यो देशको तेस्रो हो । राष्ट्रपति बसर अल असदले सिरियाली नेतृत्वमा आएको पनि दुई दशक पुगेको छ ।

युद्धले ग्रसित अर्थतन्त्र कमजोर हुँदै जाँदा करिब दुई हजार १०० उम्मेदवारले निर्वाचनमा प्रतिस्पर्दा गर्ने त्यहाँको निर्वाचन आयोगले जनाएको छ । उम्मेदवारमध्ये पशिचमी मुलुक अमेरिका र यूरोपेली संघका सदस्य कतिपय मुलुकले प्रतिबन्ध लगाएका केही ठूला व्यवसायी पनि रहेका छन् ।

उनीहरूले २५० सीट भएको सिरियाली संसद्मा राष्ट्रपतीय असदको प्रभुत्व रहेको देखिन्छ । देशभरि धेरै सूची सञ्चालन गर्न अनुमति दिइएको यस निर्वाचनमा पनि कुनै वास्तविक विपक्ष चुनावमा प्रतिस्पर्धाबाट टाढा नै रहने छन् । सत्तारूढ बाथ पार्टीको आधिपत्य सुनिश्चितता गरिएको निर्वाचनमा कुनै आश्चर्यजनक नतिजाको अपेक्षा गरिएको छैन । सिरियामा हरेक चार वर्षमा निर्वाचन भएपनि राष्ट्रपति असदलाई आधिकारिकता दिलाउँदै बाथ पार्टीको अत्यधिक बहुमत घोषणा हुने गरेको छ किनकि विपक्षी निर्वाचनको दौडमा सामेल हुने वातावरण नै छैन ।

सिरियामा गत अप्रिलमा नै निर्वाचन गर्ने घोषणा भएको थियो तर विश्वव्यापी महामारीकोरूपमा फैलिएको कोभिड-१९ भाइरसको प्रकोपका कारण दुई पटकसम्म निर्वाचन मिति सरेको थियो ।

कोरोनाभाइरसले सिर्जना गरेको विश्वव्यापी आर्थिक सङ्कट र नरसंहारले सिरियाको पीडालाई थप सङ्कटपूर्ण बनाएको छ । सिरियामा अनियन्त्रित मुद्रास्फीति र कालो बजारका कारण राष्ट्रिय मुद्राको अन्तरराष्ट्रिय बजारमा निरन्तर गिरावट रहँदै आएको छ ।

धेरै सिरियाली जीवनको बढ्दो लागतबाट दिक्क भएकाले अधिकांश उम्मेदवारले मूल्य वृद्धि रोक्ने वाचा गरेका छन् । विश्व खाद्य कार्यक्रमका अनुसार गत बर्ष सिरियाभर खाद्यान्नको मूल्य दुई गुणा बढेको छ । यहाँका ८० प्रतिशतभन्दा बढी मानिस गरिबीमा बाँचिरहेका राष्ट्रसंघीय निकाय विश्व खाद्य संघको तथ्याङ्क रहेको छ ।

केहीले पुनः निर्माणको आश्वासन दिइरहेका छन् । उनीहरूले युद्धले विध्वंश गरेका पूर्वाधारलाई पहिलेको अवस्थामा ल्याउने र स्वदेश तथा विदेशमा शरणार्थीका रूपमा रहेका लाखौं शरणार्थीलाई घर फर्काउने वाचा गरिरहेका छन् ।




सिरियामा बोलिने अरबी भाषालाई अङ्ग्रेजीमा उल्था गर्दै ३२ वर्षीय अबीर दीबेले भन्नुभयो, "मतदाताले आफ्नो जीवनस्तर सुधार्नका लागि उत्तम व्यक्ति छनौट गर्न निर्वाचनको सहारा लिनुपर्नेछ ।" "गरिबीले बाँधिएको जीवनस्तर र सार्वजनिक सेवा सुधार गर्नु विगत लामो समयदेखि जनताले आफ्ना प्रतिनिधिसँग माग गर्ने र अपेक्षा गर्ने विषय बन्ने गरेको छ," उनले भने । युद्धका समय जनताको प्राथमिकता अरू पनि रहने गरेका छन् ती हुन् जीवनको सुरक्षा र अर्थतन्त्रको सुधार ।

सिरियाली अल-वटान अनलाइन पत्रिकाका अनुसार सरकारको नियन्त्रण बाहिरका क्षेत्रबाट विस्थापित भएकाले देशभर विशेष गरी उनीहरूको लागि स्थापना गरिएका मतदान केन्द्रमा मतदान गर्नसक्ने निर्वाचन आयोगले बताएको छ। तर निर्वाचनमा लाखौं शरणार्थीसहित देश बाहिर रहेका सिरियालीले भाग लिन सक्ने छैनन्। सिरियाको झण्डै आधा जनसङ्ख्या आन्तरिक वा वाह्य शरणार्थीका रूपमा विस्थापित बनेका छन् ।

निर्वाचन आयोगका सदस्य रियाद अल-कवासले अल-बटानसँगको कुराकानीमा भने, "निर्वाचन कानून बमोजिम देश भित्रका मतदान केन्द्रहरुबाहेक संसदीय चुनावमा लाखौं सिरियाली शरणार्थीसहित प्रवासीलाई मतदान गर्न मिल्दैन ।"

सिरियाली नागरिकले सन् २०११ पछि पहिलो पटक देशका धेरै भू-भागमा मतदान गर्नेछन् । यो निर्वाचनका लागि सात हजार ३१३ मतदान केन्द्र तोकिएको छ । ती मध्येका कतिपय क्षेत्रमा सरकारले अन्तिम पटक मतदान सम्पन्न गरेको थिएन ।

पछिल्ला वर्षमा सरकारले देशका अधिकांश भागलाई आफ्नो कब्जामा लिइसकेको छ । गत निर्वाचनमा मतदान भएका कतिपय स्थानमा सरकारको नियन्त्रण छैन त केही स्थानमा विगत लामो समयदेखि सरकारको उपस्थिति नरहेको भएपनि पछिल्ला केही महिना यता सरकारी सेनाले उक्त क्षेत्रलाई कब्जामा लिएको छ ।

"यो संसदीय चुनाव त्यस्तो समयमा भइरहेको छ जब सिरियाली सेनाले सशस्त्र समूहले कब्जा गरेको प्रायः क्षेत्र कब्जा गरिसकेको छ," न्यायाधीश तथा निर्वाचन आयोगका सदस्य हेबा फातुमले एएफपीसँग भने ।

रुसी समर्थित सरकारी सेनाले सन् २०१८ मा राजधानीको ढोकामा नै रहेको पूर्वीघौटा र यस वर्षको सुरूमा उत्तर पश्चिमी इदलिब प्रान्तको दक्षिणी भागका धेरै क्षेत्र कब्जा गरिसकेका छन् ।

दमास्कस र त्यसको गाउँमा सडक उम्मेदवारको पोस्टरले रङ्गाइएका छन् । तीमध्ये गत महिना लागू गरिएको अमेरिकी सिजर ऐन (यूएस सिजर एक्ट) लगायत पश्चिमी प्रतिबन्ध लगाइएका व्यापारीहरू पनि निर्वाचनको दौडमा रहेका छन् । पुनःचुनावको लागि भाग लिइरहेका सभासद् मोहम्मद हमशो एक व्यापारी हुन् । उनले निर्वाचनका लागि उम्मेदवारी दिएका छन् । उनीमाथि सन् २०११ देखि असदलाई समर्थन गरेको कारण अमेरिकाले कालोसूचीमा राखेको छ। अमेरिका र युरोपियन युनियनले प्रतिबन्ध लगाएका दमास्कस एयरपोर्ट नजिकै विलासी पर्यटकीय रिसोर्ट निर्माण गर्न सरकारी सम्झौता जितेका खालिद जुवेदीलाई पनि निर्वाचनमा एक सशक्त व्यापारिक क्षेत्रको प्रतिनिधित्व गर्ने उम्मेदवारका रूपमा हेरिएको छ ।

सन् २०११ मा प्रतिपक्षीको विरोध प्रदर्शनबाट सुरू भएको र सरकारको व्यापक दमनपछि गृहयुद्धमा परिणत आन्दोलनमा अहिलेसम्म तीन लाख ८० हजार सिरियाली नागरिकको मृत्यु भएको छ। यसले देशको अर्थतन्त्रको ठूलो हिस्सा खेर गएको छ ।

नयाँ संसदले नयाँ संविधानमा हस्ताक्षर गर्ने र अर्को राष्ट्रपति चुनावका लागि उम्मेदवारलाई अनुमोदन गर्ने अपेक्षा गरिएको छ। बुबाको शासनको तीन दशक पछि २००० मा पहिलो पटक सत्तामा आएका असदले आइतबारको मतदान पछि नयाँ प्रधानमन्त्रीको नाम सार्वजनिक गर्ने अपेक्षा गरिएको छ ।

लण्डनबाट नेत्ररोग विशेषज्ञका रूपमा अध्ययन पूरा गरेका ३४ वर्षीय असदले करिब २० वर्ष पहिले सत्ताको बागडोर सम्हाल्दा सिरियामा गृहयुद्ध चलेको थिएन । उनको दोस्रो कार्यकालको प्रक्रिया र निर्वाचनबाट नेतृत्वप्रति असन्तुष्ट वनेका सिरियाली विद्रोहीले अमेरिका तथा यूरोपेली मुलुकहरूको सहयोगमा उहाँलाई हटाउन प्रयास गरेको बताउने गरिन्छ। तर रूसको बलियो समर्थनका कारण असदले २० वर्ष राष्ट्रपतिको जिम्मेवारी सम्हालि सकेका छन् ।

असदको सरकार पश्चिमी प्रतिबन्धका कारण अपाङ्गजस्तो बनेको राजनीतिक बिश्लेषकहरूले बताउने गरेका छन् । विपक्षी दलको आन्दोलनले गति लिन थालेपछि असदले रूसी सहयोग लिएर आफ्नै देशका नागरिकमाथि बर्बर दमन गरेको आलोचकले बताउने गर्छन् । तर उहाँको बाथ पार्टी र शुभेच्छुकले भने असदको नेतृत्वलाई नमान्न यूरोप र अमेरिका लागिपरेको धारणा राखेको पाइन्छ ।

पछिल्ला केही वर्षमा सिरियामा विदेशी सैनिक, स्लामिक संगठनका लडाकू तथा जिहादी समूहहरूबीच जटिल युद्ध चल्दै आएको छ । संयुक्त राष्ट्र संघको मध्यस्थतामा शान्ति सम्झौताका लागि प्रयास भएपनि विना उपलब्धी रोकिएका छन् । सरकारको बलियो सहयोगी रूस र विद्रोही समर्थक टर्कीको नेतृत्वमा रहेको समानान्तर द्वन्द्व हालका वर्षहरूमा पनि निरन्तर रहँदै आएको छ । सन् २०२१ को राष्ट्रपति निर्वाचन नजिक आइपुग्दासम्म युद्ध रोक्नको लागि कुनै राजनीतिक समाधान भेटिएको छैन ।

दमास्कसका सरकार निकट मानिने विश्लेषक ओसामा डानुराले सिरियाली सरकार युद्ध अन्त्य गर्न राजनीतिक समाधानको लागि खुला हुने बताए । तर उनले 'अन्तरराष्ट्रिय सहमति भनेको दीर्घकालीन र जटिल मुद्दा' भएको बताए । उनले भने, "सिरियाको युद्धमा प्रत्यक्ष वा परोक्षरूपमा सम्लग्न देखिएका देशहरूबीच कुनै समझदारी नभएको स्पष्ट छ ।"

परराष्ट्रमन्त्री वालिद अलम्युलेलेमले गत महिना असद सत्तामा रहन चाहँदासम्म सिरियाले उहाँलाई जिम्वेवारी दिइरहने बताउनुभएको थियो । यसले सिरियामा असदले तत्काल नेतृत्व छोड्ने सम्भावना नरहेको सङ्केत गर्छ ।

दानुराका अनुसार आगामी वर्ष राष्ट्रपतिको निर्वाचनमा उम्मेदवारी दिन चाहने व्यक्तिलाई कम्तीमा ३५ संसदको लिखित समर्थन आवश्यक पर्ने सिरियाली संवैधानिक प्रावधान रहेको छ ।

असदलाई यूरोपेली संघ, अमेरिका लगायत अन्य पश्चिमा मुलुकको समर्थन नरहने र रूसको समर्थन पाएका असदले तत्काल नेतृत्व छोड्ने सम्भावना देखिँदैन । सिरियाबारे जानकार विश्लेषकहरूले राष्ट्रपति असद सत्तामा रहँदासम्म सिरियाली द्वन्द्वको अन्त्यका लागि अन्तरराष्ट्रिय वातावरण बन्नेमा आशङ्का व्यक्त गर्ने गरेका छन् ।

असदलाई राष्ट्रपतिबाट हटाएर संयुक्त सरकार बनाउने विपक्षीहरूको माग र यसलाई बलियो समर्थन दिएको पश्चिमी शक्तिले असदलाई स्विकार गरेर अघि बढ्ने सम्भावनालाई यस अघि भएका सहमति प्रयास विफल हुनुले प्रष्ट पारिसकेको छ ।

***(विभिन्न अन्तरराष्ट्रिय सञ्चारमाध्यमको सहयोगमा)***

# प्रिन्स दाहाल एशियाकै उत्कृष्ट जुनियर खेलाडी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ साउन



नेपालका स्टार ब्याडमिन्टन खेलाडी प्रिन्स दाहाल एशियाकै बेस्ट जुनियर खेलाडी बनेका छन्। ब्याडमिन्टन एशियाले प्रिन्सका बारेमा लेख प्रकाशित गर्दै बेस्ट जुनियर खेलाडी घोषणा गरेको हो।

प्रिन्स विश्व ब्याडमिन्टनको जुनियर वरियतामा सातौं स्थानमा रहेका छन्।

यो नेपाली ब्याडमिन्टन र प्रिन्सकै उत्कृष्ट वरियता हो । फागुन अन्तिममा सार्वजनिक भएको वरियतामा १६ वर्षीय प्रिन्सले तीन स्थान सुधार गर्दै सातौं स्थानमा रहेका थिए । कोरोनाका कारण प्रतियोगिताहरु नहुदा प्रिन्सको वरियता यथावत छ ।

प्रिन्सले ११ प्रतियोगिता खेल्दै १० हजार ४ सय अंक जोडेका छन्। प्रिन्सले पछिल्लो केहि वर्षयता जुनियर ब्याडमिन्टनमा उच्च प्रदर्शन गर्दै आएका छन्। प्रिन्सले गत फागुनमा दुई अन्तर्राष्ट्रिय जुनियर प्रतियोगिता खेल्दै प्रि-क्वाटरफाइनल सम्मको यात्रा तय गरेका थिए। प्रिन्सले डच जुनियर इन्टरनेसनल तथा जर्मन जुनियर सिरिजमा प्रि-क्वाटरफाइनल सम्मको यात्रा तय गरे।

उनले पछिल्ला ७ खेलमा पाँच जित र दुई हारको नतिजा निकालेका छन् । डच जुनियर इन्टरनेसनलमा प्रिन्सले ३ खेल खेल्दा २ मा जित र एक हार बेहोरेका थिए। जर्मन सिरिजमा ४ खेलमा प्रिन्सले ३ जित र १ हारको नतिजा निकालेका थिए।

प्रिन्स हाल नेपाली राष्ट्रिय ब्याडमिन्टन टोलीसँगै असार पहिलो सातादेखि कोरियन प्रशिक्षकसँग प्रशिक्षणमा व्यस्त छन्।

# छानविन प्रतिवेदन एन्फालाई बुझाइयो

**काठमाडौं, मस-**अखिल नेपाल फुटबल संघ (एन्फा) को छानबिन समितिले कास्की जिल्ला फुटबल संघमा भएको आर्थिक अनियमितताबारे गरेको छानविन प्रतिवेदन एन्फालाई बुझाएको छ। कास्की जिल्ला संघलाई लागेको अनियमितताको आरोपबारे उक्त समितिले १६ दिनको आन्तरिक अनुसन्धानपछि प्रतिवेदन बुझाएको जनाएको छ।



समितिको संयोजक तथा एन्फा उपाध्यक्ष वीरबहादुर खड्काले शुक्रबार एन्फा अध्यक्ष कर्माछिरिङ शेर्पा र एन्फा महासचिव इन्द्रमान तुलाधरलाई उक्त प्रतिवेदन बुझाएका हुन् । उक्त समितिले जुन ३० मा अनुसन्धान सुरु गरेको थियो । समितिमा आनन्द रञ्जित र नारायण दत्त अधिकारी सदस्य थिए ।

कास्ककी जिल्ला फुटबल संघमाथि आर्थिक अनियमितताको आरोप लागेपछि एन्फाले केन्द्रीय स्तरको समिति बनाएर छानबिन गर्न लगाएको थियो ।

कास्की जिल्ला फुटबल संघका अध्यक्ष मिलन गुरुङ विभिन्न ठगी मुद्धामा मुछिएसंगै कास्की जिल्ला फुटबल संघभित्रको अनियमितता बाहिर आएको थियो।

एन्फा उपाध्यक्षको नेतृत्वमा रहेको समितिले एन्फा कास्कीले आयोजना गरेका विभिन्न प्रतियोगिताको हिसाब किताबमा आधारित रहेर छानबिन गरेको हो।


हार्दिक श्रद्धाञ्जली



जन्म
बि.सं. १९८९

स्वर्गारोहण
वि.स. २०७७
असार २३ गते

स्व. भिमबहादुर कार्की

हाम्रा शुभेच्छुक तथा गणपति ओभरसिज प्रा. लि.का प्रबन्ध निर्देशक श्री राजकुमार कार्कीका पुजनीय पिता भिमबहादुर कार्कीको ८८ बर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिबंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकाकुल परिवार तथा आफन्तजन प्रति हार्दिक समबेदना प्रकट गर्दछौं ।

सीतादेवी श्रेष्ठ
प्रकाशक

मदनकुमार श्रेष्ठ
सम्पादक

तथा
मध्यान्ह
Madhyanha Daily
दैनिक
परिवार



आकर्षक उपभोक्ता कृषि सहकारी संस्था लिमिटेड
ललितपुर महानगरपालिका, खुमलटार-१५,ललितपुरको
सार्वजनिक सूचना

प्रकाशित मिति: २०७७ श्रावण ०४ गते आइतबार

डिभिजन सहकारी कार्यालय ललितपुरमा मिति २०६९।०५।०३ गते मा दर्ता नं ०६९/०७०/९३९ मा दर्ता भएको आकर्षक उपभोक्ता सहकारी संस्था लिमिटेड र डिभिजन सहकारी कार्यालय ललितपुरमा मिति २०७०।१०।२६ गते मा दर्ता नं १०५५ मा दर्ता भएको कुटो कोदालो कृषि सहकारी संस्था लिमिटेडको वार्षिक साधारणसभावाट एकीकरण गर्ने निर्णय भए अनुसार तोकिए वमोजिमका एकीकरण अवधारणा, संम्झौता र कार्यविधि तयार गरी सम्बन्धित कार्यालयहरुको सहमती र सिफारिस सहित सहकारी विभागवाट मिति २०७६ मंसीर १५ गते आकर्षक उपभोक्ता कृषि सहकारी संस्था लिमिटेड (साविक आकर्षक उपभोक्ता सहकारी संस्था लिमिटेडको दर्ता नं ०६९/०७०/९३९, दर्ता मिति २०६९।०५।०३ गते र स्थायी लेखा नं.६००७०३९९२ नै कायम हुने गरी)को नाममा एकीकृत संस्थाको दर्ता प्रमाण पत्र प्राप्त भएकोले उल्लिखित दुवै संस्थाका सदस्यहरु, संस्थाले शेयर खरीद गरी सदस्य वनेका संघहरु, खाता संचालन भएका बैक तथा वित्तिय संस्था लगायत सवै सरोकारवाला निकायहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । एकीकरण पछि दुवै संस्थाको सम्पत्ति तथा दायित्व एकीकृत हुने भएकोले एकीकरण भएको मितिसम्मको मितिमा दुवै संस्थासंग कोही कसैको कूनै पनि दावि भएमा यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र पेश गर्नुहुन समेत सूचित गरिन्छ ।

**मुख्य कार्यालय: ०१ ५५५०९७०**
**कूटो कोदालो कृषि सेवा केन्द्र: ९८५१०५३८८८, इमेल: accol.biz@gmail.com**



**चौतारा बहुउद्धेश्यीय सहकारी संस्था लि.को कार्यालय सर्ने सूचना**

यस संस्थाको का.म.न.पा. वडा नं. ११ माईतीघरस्थित रहेको कार्यालय मिति २०७७/०४/०५ गतेदेखि का.म.न.पा. वडा नं. १० बुद्धनगरमा सर्ने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावलाई जानकारीको लागि सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**पुष्पलाल श्रेष्ठ**
**अध्यक्ष**
**सम्पर्क : ०१-६२२५९६८**



**अधिकृत वारेसनामा बदर गरेको सूचना**

म मन शम्शेर जबराको नाति फलेन्द्र शम्शेर राणाको छोरा जिल्ला ल.पु.न.पा. वडा नं. ५ हाल परिवर्तित ऐ. म.न.पा. वडा न..५ बस्ने बर्ष ७९ को मर्टन शम्शेर जंग बहादुर राणा अ.वा. दिने र तपाई फुलसिंह क्षेत्रीको नाति बाबुलाल सिंह क्षेत्रीको छोरा पर्सा जिल्ला बिरगज न.पा. वडा नं. २ हाल परिवर्तित ऐ. म.न.पा. वडा नं. २ बस्ने बर्ष ४१ को निरज सिंह ना.प्र.नं. १६०३२३५०८ जिल्ला पर्सा अ.वा. लिनु भई मेरो नाउको जिल्ला ललितपुर सैबुं गा.वि.स. वडा नं. १ ग को. कित्ता नं. १७३ र १७४ क्रमश क्षे.फ. ०-९-० (नौ आना) र ०-७-० (सात आना) जग्गाहरु बिक्री गर्न का निमित्त ललितपुर जिल्ला अदालतबाट मिति २०७६ साल जेष्ठ महिना ०९ गते र २०७६ साल साउन १२ गते मा तपाईलाई अधिकृत वारेसनामा प्रमाणित गरी नियुक्त गरी राखेकोमा उक्त काम अब उप्रान्त म स्वयमले गर्ने भए बाट उक्त मितिहरुमा ल.पु.जि. अ. बाट तपाईको नाउमा प्रमाणित अधिकृत वारेस नरहने गरी आजैका मितिबाट बदर गरिदिएको छु। अब उप्रान्त उक्त अ.वा. बाट कुनैकाम नगर्न नगराउन जानकारीका निमित्त यो सूचना प्रकाशित गरेको छु।

**मर्टन शम्शेर जंग बहादुर राणा**
**ल.पु.जि. ल.पु.म.न.पा वडा नं. ५**



हार्दिक श्रद्धाञ्जली



जन्म
बि.सं. १९८९

स्वर्गारोहण
वि.स. २०७७
असार २३ गते

स्व. भिमबहादुर कार्की

यस संघको सदस्य संस्था गणपति ओभरसिज प्रा. लि.का प्रबन्ध निर्देशक श्री राजकुमार कार्कीका पुजनीय पिता भिमबहादुर कार्कीको ८८ बर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिबंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकाकुल परिवार तथा आफन्तजन प्रति हार्दिक समबेदना प्रकट गर्दछौं ।

बिष्णु प्रसाद गैरे
अध्यक्ष
तथा
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
परिवार
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८

# 'मौद्रिक नीति स्वागतयोग्य'

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ साउन




नेपाल राष्ट्र बैंकले २ साउनमा जारी गरेको नयाँ मौद्रिक नीति उत्साहप्रद रहेको र यसको कार्यन्वयन छिटो र सरल हिसाबमा हुनुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले शनिबार शनिवार आयोजना गरेको भर्चुअल अन्तरक्रियामा सरोकारवालाको यस्तो राय आएको हो । कार्यक्रममा नेपाल उद्योग परिसंघका प्रतिनिधी अनलराज भट्टराईले आफूहरुले मागेका धेरै कुरा मौद्रिक नीतिमा पाएको बताए । उनले अहिले समस्या भोगिरहेका व्यवसायिलाई राहत पुगेको बताए । 'नगद प्रवाहमा सहजिकरण भएको र तरलताको व्यवस्था पनि भएको छ', उनले भने, 'यसले ब्याजदर पनि एक अंकमा ल्याउन मद्दत पुग्छ । सबै मागहरु सम्बोधन भएकाले उत्साहित छौं ।' उपभोक्ताको आय नबढेसम्म र वस्तु तथा सेवाको माग र लगानी नबढ्ने भएकाले उपभोक्ताको आय बढाउने कुरा भने चूनौतिपूर्ण भएको उनले सुनाए । त्यसो नभएसम्म २० प्रतिशत कर्जा विस्तार थप गर्ने लक्ष्य पुरा नहुने उनले बताए । ८१ प्रतिशत उपभोगमुखि अर्थतन्त्र, त्यसमा पनि आयातमुखि भएकाले चूनौतिपूर्ण रहेको उनको तर्क छ । वैदेशिक मुद्राको सञ्चिति ७ महिनाको आयात धान्ने स्थितिमा राख्न पनि घट्दो रेमिट्यान्सले चूनौति थप्नसक्ने उनले बताए । त्यसबाहेक व्यापार व्यवसायलाई सहुलियत दिन र वित्तीय सन्तुलन राख्नलाई पनि मौद्रिक नीतिले सम्पूर्ण अवयव खोलेको छ । सीसीडी रेसियो ८५ प्रतिशत पुऱ्याउँदा १२० अर्ब थप पैसा बजारमा निस्किने उनको अनुमान छ । उनले सीएनआईले मौद्रिक नीतिको हार्दिक स्वागत गरेको बताए । नेपाल चेम्बर अफ कमर्शका उपाध्यक्ष कमलेश अग्रवालले पनि मौद्रिक नीतिमा निजी क्षेत्रका झण्डै ७५ प्रतिशत सुझाव समेटिएको बताए । उनले समस्यामा परेको अर्थतन्त्रलाई उद्धार गर्ने र गतिशिलता दिनमा मौद्रिक नीति सफल हुने उनको विस्वास छ । नेपाल उद्योग वाणिज्य महासंघको बैंकिङ समिति सभापति सौरभ ज्योतीले पनि निजी क्षेत्रका सबै संगठनले मिलेर एकै खालको सुझाव दिएकाले सम्बोधन भएको बताए । उनले ब्याजदर घट्ने, तीन महिनादेखि बन्द भएका उद्योगधन्दालाई नगद प्रवाह उपलब्ध हुने र कर्जाको पुनरतालिकीकरणमा निकै लामो समय पाउनु सुखद भएको उनले बताए । त्यस्तै 'क्रेडिट रिकभरी पोलिसी' र सबैभन्दा बढी रोजगारी सृजना गर्ने अटोमोबाइल क्षेत्रलाई मौद्रिक नीतिमा नसमेटिएको उनले सुनाए । त्यसबाहेक अरु कुरामा निकै राम्रो सुधारहरु भएको भन्दै उनले कोभीड १९ पछिको अर्थतन्त्र अत्यन्त चाँडो पुनरोत्थान हुने बताए । कार्यक्रममा नेपाल बैंक तथा वित्तीय संस्था परिसंघका अध्यक्ष पवन गोल्याणले १ करोड सम्मको कर्जा २ वर्षभित्र १५ प्रतिशत पुऱ्याउने भन्ने कुराले गाउँगाउँसम्म वित्तीय पहूँच पुग्ने बताए । 'अब पैसाको अभावमा राम्रो संभावना भएका व्यवसायिक योजनाहरु मर्दैनन् भन्नेमा विस्वस्त भएको छु', उनले भने , 'पुनरकर्जाको कार्यान्वयन कसरी हुन्छ हेर्न बाँकी छ, तर स्वागतयोग्य छ ।'

लाभांश दिनै नपाउने भन्ने कुरा गरिए पनि ब्याजदर बराबर नगद लाभांश दिन पाइने र ३० प्रतिशतभन्दा बढी लाभांश बाँड्न नपाइने नीतिले लगानीकर्तालाई न्याय गरेको उनले बताए । 'यसलाई निक्षेपको ब्याजदरसँग नजोडेर फ्ल्याटमा दर तोकिदिएको भए हुने थियो' उनले भने ।

सबै सरोकारलालाले मौद्रिक नीति तुरुन्त कार्यान्वयनमा जानुपर्नेमा जोड दिएका छन् । गोल्यानले पनि एकहप्ताभित्रै निर्देशिका आएर कार्यान्वयनमा जानुपर्ने बताए । ब्याजदर घट्छ भन्ने व्यवसायिको अनुमान भने पुरा नहुन सक्ने उनले सुनाए ।

गोल्यानले स्प्रेड दरको कुरा उठाएर निजी क्षेत्रका अगुवाहरुले बैंकको नाफामाथि आँखा गाढेको तर्कमा सहमति दिए । उनले भने, ' अर्कालाई यतिभन्दा बढी दिनुहुन्न भन्ने तर्क गर्नु भएन । निजी क्षेत्रको कुनै कुनै कम्पनीको लगानीमा प्रतिफल दर (आरओई) हजार प्रतिशतभन्दा बढी छ । कुन व्यवसायमा कति कमाइरहेको छ भन्ने अलगअलग हुन्छ । आफ्नो कार्यक्षमताले कति पैसा कमाएको छ भने स्वीकार गर्नुपर्छ । हामी निजी क्षेत्रले एक अर्कालाई अंकुश लगाउने कुरा गर्नुहुन्न । शनिबार बैंकमा उठेको जस्तै कुरा भोली अरु क्षेत्रमा उठाइयो भने के हुन्छ ? त्यसकारण हामी आपसमा मिलेर जाँदा राम्रो हुन्छ ।'

नेपाल बैंक तथा वित्तीय संस्था परिसंघ उपाध्यक्ष भोजबहादुर शाहले सरोकारवालाले अपेक्षा गरेकै जस्तो मौद्रिक नीति आएको बताए । विदेशबाट ल्याएको पैसालाई गणना गर्न नपाइने व्यवस्थाबाहेक अरु कुरा उत्साहप्रद रहेको उनले बताए ।

# नेपाल रेडक्रस र कोका–कोलाद्वारा सुरक्षा सामग्री वितरण

**काठमाडौं/मस-** नेपाल रेडक्रस सोसाइटी र कोका–कोला नेपालले कोभिड–१९ महामारीका बाबजुद सक्रियताका साथ आफ्नो काममा खटिरहेका स्वास्थ्यकर्मी र स्वयंसेवकहरुको सुरक्षा र भलाई सुनिश्चित गर्न निरन्तर सुरक्षा सामग्रीहरु वितरण गर्दै आइरहेको छ ।

यस परियोजनाको जारी प्रयासहरुको एक हिस्साको रुपमा कोभिड–१९ को फैलावटलाई कम गर्न अग्रपतिंमा समर्पित रहेर काम गरिरहेका रेडक्रस एम्बुलेन्सका सवारी चालकहरु, रक्तसञ्चार सेवाका प्राविधिकहरु तथा क्वारेन्टिनमा खट्ने स्वयंसेवाहरुको लागि एन नाइन्टिफाइभ मास्क, सुरक्षा बुट र स्यानिटाइजर जस्ता व्यक्तिगत सुरक्षा सामग्रीहरु वितरण गरिएको छ ।

असार १७ गतेबाट शुरु गरिएको सो वितरण कार्यक्रमको लक्ष्य देशभरका सबै लक्षित स्वास्थ्यकर्मीहरु र स्वयंसेवकहरुमाँझ पुगेर उनीहरुको सुरक्षा अभिवृद्धि गर्नु हो । हालसम्म, सुदुरपश्चिमका केहि जिल्ला र प्रदेश १ बाहेक देशभरका सबै जिल्लाका रेडक्रसका अधिकारीहरुलाई सुरक्षा साम्रगीहरु हस्तान्तरण गरिसकेको छ । सबै जिल्लाहरुमा वितरण कार्यक्रम यहि साताभित्र सम्पन्न हुदैछ ।




"कोका–कोला नेपालसंगको यो साझेदारीले रक्त सञ्चार सेवाका ४०० प्राविधिकहरु र स्वास्थ्य कर्मचारीहरु र २४७ एम्बुलेन्स चालकहरुको मनोबल र सुरक्षा बढाउन मद्दत गरेको छ । साथै, यसले स्वास्थ्य, सरसफाई, जोखिम सञ्चार, सामुदायिक संलग्नता, संरक्षण तथा क्वारेन्टिन सहयोगमा खटिइरहेका रेडक्रसका स्वयंसेवकलाई पनि प्रोत्साहित गरेको छ, " नेपाल रेडक्रसका निर्देशक दिव्यराज पौडेलले बताए ।

कोका–कोला नेपालका कन्ट्री डाइरेक्टर अम्बुज सिंहले भने, ' हामी हाम्रा एम्बुलेन्स चालकहरु, रक्त सञ्चार सेवाका प्राविधिकहरु र स्वयंसेवकहरुलाई आभार प्रकट गर्न चाहन्छौं जसले यस्तो चुनौतीपूर्ण समयमा पनि निष्ठाका साथ आफ्नो कर्तव्य पूरा गरिरहेका छन् । हाम्रो पार्टनर नेपाल रेडक्रस सोसाइटीका साथ अग्रपतिंमा रहेका सम्पूर्णको स्वास्थ्य र सुरक्षामा सहयोग गर्न सुरक्षा सामग्रीहरु प्रदान गरिरहँदा हामी खुसी छौं ।'

# कृषिमा भविष्य खोज्दै रुकुम पश्चिमका करण बिष्ट

**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम, ३ साउन

पछिल्लो समय नेपालमा कृषि क्षेत्र ओझेलमा परेको बेला रुकुम पश्चिम आठबिसकोट नगरपालिका वडा नम्बर ९ बटालागाउँका युवा करण बिष्ट कृषिमा भबिष्य खोजीमा लागेका छन् ।

बढ्दो सहरीकरणका कारण गाउँमा बाँझिएका जग्गाको उपयोग गर्दै कृषितर्फ तरकारी तथा फलफूलको व्यावसायिक खेती गरी रोजगारी सिर्जना गर्ने लक्ष्यका साथ उनी कृषिमा सक्रिय बनेका हुन् । चौतारा अर्गानिक कृषि फर्ममार्फत बिष्टले उक्त योजना अघि सारेका छन् । बाँझा रहेको जग्गामा व्यावसायिक खेती गरी बढ्दै गरेको बेरोजगारीलाई कम गर्ने लक्ष्य रहेको फर्म सञ्चालक बिष्ट बताउँछन् ।

'आठबिसकोट नगरपालिका वडा नम्बर ९ स्थित राडीबजारमा तीन रोपनी जग्गा भाडामा लिई करिब साढे चार लाख रुपैयाँ ब्यक्तिगत लगानीमा व्यावसायिक कृषिको योजना अघि सारेको छु', बिष्टले भने, 'आवश्यकता अनुसार क्षेत्र बढाउँदै लैजाने लक्ष्य छ । परिश्रम गरे विदेश जानुपर्दैन, यहीँ कमाउन सकिन्छ र राज्यले अनुदान, सहुलियत, उचित बजारीकरण, भौतिक पूर्वाधार बनाइदिए कृषि पेसामा लागेका युवाहरु लाई धेरै राहत मिल्ने थियो ।' पछिल्लो समय कृषि पेसालाई नयाँ सोच र नयाँ प्रबिधिबाट बिकास गरिरहेको अवस्थामा उचित बजार व्यवस्था र कृषि व्यवसायमा लाग्न खोजेका युवाहरूको लागि केही सहुलियत उपलब्ध गराइदिए आत्मनिर्भर बन्न सजिलो हुने बिश्ट बताउँछन् ।



बिद्या मन्दिर टेक्निकल कलेज अछाममा ३ बर्षे कृषि बाली बिज्ञान अध्ययन गरेका २१ वर्षीय बिष्टलाई पढाई पछि न त जागीर खाने सोच आयो न बिदेश पलायन हुने नै । आफुले गाउँ घरमा बिदेश गएका परिवारको अवस्था बुझेपछि र बिदेशको दुस्ख सम्झेपछि परिवार र आफन्तसंगै रमाएर स्वदेशमै मनग्य आम्दानी गर्ने सोचले तरकारी खेती गर्ने योजना बनाएका बिष्टको एक बर्षमा करिब दस लाखसम्म आम्दानी हुने दाबी छ ।

अहिले उनको फर्ममा १५ थरिका तरकारीहरु पाइन्छ । बिश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरसका कारण मुलुकभर भएको लकडाउनमा पनि उनलाई फुर्सद छैन । ' केही महिना अघि बजारमा तरकारी आयात ठप्प भएपछि अहिले तरकारीको माग धेरै छ तर आपूर्ति गर्न सकेको छैन', बिष्टले भने, सबैभन्दा बढी काक्रो र साग बिक्री हुने गरेको छाकाउली, बन्दा, टमाटर, प्याज, फर्सी, काक्रो, करेलालगायतका अन्य जातका तरकारी र तरकारीका बेर्नाहरुपनि तयार हुँदैछन् । त्यसपछि बजारीकरण गर्ने सोचमा छु ।'

लकडाउनको समयमा तरकारी किन्ने मान्छेहरू फर्ममै आउने भएकाले बजारसम्म लैजान नपरेको बिष्टले बताए । तर अब बर्षा सुरु भएसँगै ढुवानीमा समस्या भएकोले केही दिन सम्म तरकारी तथा फलफूल उत्पादनमा विश्राम लिने सोचमा आफु रहेको पनि बिष्ट बताउँछन् । उनी भन्छन्, ' अहिले विभिन्न जातका फलफूल तथा तरकारीका बेर्ना उत्पादन तिर लागेको छु । त्यसपछि बर्षा कम हुँदै गएपछि भदौबाट तरकारी उत्पादनमा जोड दिने सोचमा छु ।' कहिलेकाही दिक्क लागेपनि दृढताका साथ काम गर्ने हो भने, जस्तोसुकै परिस्थितिसँग पनि सामना गर्न सकिने उनको आत्मविश्वास रहेको छ ।

बजारको माग अनुसार जग्गा थप गरी आवश्यकता अनुसार व्यवसायलाई बढाउन सकिने भन्दै यसरी स्वदेशमै पसिना बगाएर कृषिमा आधुनिकीकरण बिधि अपनाउदै कृषि पेशामा युवाको आकर्षण बढाउनका लागि आफूले कृषि उत्पादनलाई जोड दिएको र खेतीमा हाइटेक प्रविधि उपयोग गरि मौसमी तथा बेमौसमी तरकारी उत्पादन गर्ने योजना समेत रहेको कृषक बिष्टले मध्यान्हलाई बताए ।

नगरपालिकाका अन्य युवाहरुको लागि प्रेरणाको स्रोत पनि बनेका छन्, बिष्ट । कृषिमा आत्मनिर्भर बढाए मात्रै समृद्धिको यात्रा तयार हुने सोच राखेका यी युवा अरुका लागि अवसर र उदाहरणीय बनेका छन् । साच्चै, जुन कठिनाइ र चुनौतिकाबीच पनि आफ्नो आशालाई जिवित राख्दै व्यावसायलाई स्थान दिएका बिष्ट जस्तै थुप्रै युवाहरूलाई सरकारले प्रविधिको उच्चतम प्रयोग गरी उत्पादन लागत घटाउन भन्सार सहुलियतसहित मेसिन उपकरण, बाली नालीमा प्रयोग गरीने मल, बीउ लगायतका कृषिमा प्रयोग हुने अन्य औजारहरुको व्यवस्था गर्नु पर्छ । जसले रोजगारी र उद्यमशीलता विकास गरेर तल्लोस्तरका जनताको जीवनस्तर माथि उकास्न र आर्थिक स्थितिमा सुधार ल्याउन सक्छ ।

सरकारले भूमिहीन किसान, मुक्तकमैया, स्थानीयस्तरका कृषक र कृषि क्षेत्रमा आकर्षित युवालाई लक्षित गरी अनुदानका विभिन्न कार्यक्रम सञ्चालन गरेतापनि असली किसानको हातमा भने पसिना बाहेक अरु केही परेको छैन । वितरण प्रणालीमा पार्दर्शिता र स्थानीय सरकारले कृषिका लागी नयाँ कार्यक्रमहरु अघि सारे मात्रै कृषि क्षेत्रमा युवाहरुलाई आकर्षण गर्न सकिन्छ । यसतर्फ संबन्धित निकायको अविलम्ब ध्यान जानुपर्ने जानकारहरु बताउँछन् ।

## मनकामना केबलकारद्वारा सरकारको ध्यानाकर्षण



**काठमाडौं/मस–** मनकामना केवलकार प्रालिले केवलकार संचालनका लागि सरकारको ध्यानाकर्षण गराएको छ । कम्पनीले कोरोना भाइरसले पारेको प्रभाबलाई आत्मसाथ गर्दै मनकामना मन्दिर दर्शनका लागि संचालित देशकै पहिलो केवलकार मनकामना केवलकारले आगामीदिनहरुमाउच्च सुरक्षाका उपायहरु अपनाएर व्यवसायिक क्षेत्रहरु खुल्ला गर्नुपर्नेमा जोड दिएको छ । केवलकारले व्यवसायिक क्षेत्र खुलाउन सरकारसंग आग्रह गर्दै लामो दुरीका यातायातलाई समेत सञ्चालन गर्नुपर्ने बताएको छ । यस्तै कम्पनीले पर्यटन, धार्मिक क्षेत्र लगायतका सबै क्षेत्र खुल्ला गराउन आग्रह समेत गरेको हो । कोरोना कहरले निम्त्याएको संकट सामनागर्न नागरिकहरु समेत सजग र सचेत भईसकेकाले सुरक्षामा कुनै पनि कसर बाँकी नराखी अबिलम्ब पर्यटन व्यवसायिक क्षेत्र साथै धार्मिक क्षेत्र समेत खुलाउनतर्फ सरकारले चासो दिनुपर्ने जनाएको छ । लामो समय देखि यि प्रतिष्ठानहरु बन्दहुँदा समग्र देशको आर्थिक क्षेत्र नै धरासायी हुन पुगेकाले अर्थतन्त्र चलायमा नबनाउनपनि अब सतर्कतापुर्वक यस्ता क्षेत्र संचालन हुनुपर्नेमा जोड दिएको छ ।

COVID-19 NOVEL CORONA VIRUS (nCOV)

जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु

ज्वरो (१००.४° F भन्दा माथि)

श्वासप्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?

नियमित रूपमा साबुन पानीले हात धुने ।

खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।

फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।

फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।

जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।

पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक

कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर नयाँ बसपार्कमा पनि खुलेको यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**